एकाई ६ पाठ १ बस्ती, जनसङ्ख्या र विकास

(मानव बस्ती)



अभ्यास

१.) बस्ती भनेको के हो, बस्तीको वर्गीकरणका आधारहरू लेख्नुहोस् :

→ मानिसको बसोबास भएको ठाउँ टोल, गाउँ, सहर आदिलाई बस्ती भनिन्छ। मानिसहरू बसोबास गर्ने सबै प्रकारका आश्रयहरू जस्तै:- गुफा, ओडार, सानो खरको झुपडी, ढुङ्गामाटाको घर, काठका घरहरू र आधुनिक घरहरू सबै मानव बस्तीकै रूप हुन्। बस्तीको वर्गीकरण निम्नानुसार गरिएको छ:-

- अवस्थितिका आधारमा :- मैदानी बस्ती, ताल किनारको बस्ती, समुद्रतटको बस्ती, आदि।
- घरहरू बिचको दूरीका आधारमा:- एक्लो बस्ती, छिरलिएको बस्ती, गुजुमुज्ज बस्ती, आदि।
- समयका आधारमा :- अस्थायी बस्ती, स्थायी बस्ती, मौसमअनुसारको बस्ती आदि।
- कामका आधारमा :- कृषिबस्ती, औद्योगिक बस्ती, व्यापारिक बस्ती आदि।
- आकारका आधारमा :- ह्याम्लेट, गाउँ, बजार र सहर आदि।
- आकृतिका आधारमा :- रेखाकार, वृत्ताकार, तीर आकार, आदि।

२.) तपाईं बसेको ठाउँको बस्तीको विकासक्रमका बारेमा छोटो अनुच्छेद लेखी कक्षामा प्रस्तुत गः

⇒ हामी बसेको बस्ती वा ठाउँ आजको रूपमा आउन करिब १०० वर्ष लाग्यो। दुई नदी मोदी खोला र काली गण्डकीको छेउको सम्म मैदानी फाँटमा, कुवाबाट पानी भर्ने ठाउँ हेरी नदी खोलाका नजिक मानिसहरू घाँस मैदान र रूख बाँसघारी फडानी गरी गरी बस्न थाले। कुटबल (बटौली) जाने बाटो भएकोले बटुवाहरू अस्थायी रूपमा बस्न थालेका थिए। पशुपालनको लागि गौचरण, जङ्गलको व्यवस्था गरे। खोला नालामा काठेपुल बनाउने, नहर कुलो बनाउने जस्ता कार्य हुन थाले। वर्षभरि खान पुग्याउनेहरू धनी कहलिए। केहि समयपछि विद्यालय खुले। ज्योतिष विद्या, नित्यकर्म गर्ने पण्डित पुजारीहरू अध्ययन गर्न थाले। बस्तीलाई आवश्यक पर्ने कृषि औजार निर्माण गर्ने, कपडा सिलाउने विभिन्न जातका मानिसहरूलाई छुट्टै बस्ती बनाइ राख्न गरे।

हाल हाम्रा बस्तीमा ठूला ठूला पक्की घर, कालोपत्रे सडक छ। व्यापार

Century

CamScanner

व्यवसाय बढेको छ। धेरै विद्यालयहरू खुलेका छन्। इलाका प्रहरी चौकी, अस्पताल, आयुर्वेदिक औषधीका पसलहरू पनि छन्। यस बस्तीलाई रामधुनी नगरपालिका बनाइएको छ। यस बस्तीमा सचिव, अधिकृत, सरकारी वकिल, इन्जिनियर डक्टरहरू पनि धेरै छन्। यसरी अहिले हाम्रो बस्ती वा सभ्यता टोलमा धेरै विकास भैसकेको जसले मानिसहरूको जीवन पनि सहज हुँदै गएको पाइन्छ।

३ ग्रामीण र सहरी बस्ती बिचको फरक छुट्याउनुहोस्।

⇒ ग्रामीण र सहरी बस्तीका बिचको फरक यसप्रकार छ:

| ग्रामीण बस्ती | सहरी बस्ती |
|---|---|
| – ग्रामीण बस्तीमा कम जनसङ्ख्या हुन्छ | – सहरी बस्तीमा बढी जनसङ्ख्या हुन्छ |
| – बस्तीहरू पातला हुने, प्रकृति र मानिस बिचको सम्बन्ध नजिक हुने, | – बस्तीहरू बाक्ला हुने, धेरै जनसङ्ख्या, प्रकृति र मानिसको सम्बन्ध टाढा हुने, |
| – यातायात, शिक्षा, स्वास्थ्य, सञ्चार र विद्युत्को विकास र प्रयोग कम भएको। | – यातायात, शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत्को विकास बढी भएको। |
| – फोहोर मैला व्यवस्थापनमा समस्या कम भएकाले प्रदूषण कम हुन्छ | – फोहोर मैला व्यवस्थामा कठिनाई, उद्योग, सवारी साधन र अत्यधिक जनसंख्याको चापका कारण प्रदूषण बढी हुन्छ। |
| – ग्रामीण बस्तीमा कच्ची घर, स्थानीय सामग्री प्रयोग गरेर घर बनाइन्छ। | – सहरी बस्तीमा पक्की घर, आधुनिक भवन हुन्छन्। |
| – ग्रामीण बस्तीमा सरल, प्राकृतिक जीवनशैली आत्मनिर्भरता हुन्छ। | – सहरी बस्तीमा व्यस्त, प्रतिस्पर्धात्मक, प्रविधिमा निर्भर जीवनशैली हुन्छ। |

४ जनसङ्ख्याका आधारमा मात्रै बस्तीलाई वर्गीकरण गर्नु उचित हुन्छ? यदि हुँदैन भने किन हुँदैन कारण उल्लेख गर्नुहोस्।

⇒ जनसङ्ख्याका आधारमा मात्रै बस्तीलाई वर्गीकरण गर्नु उचित हुँदैन। बस्ती बस्नका लागि भौगोलिक बनोट, हावापानी, रोजगारी, सुरक्षा, यातायात, ~~उद्योग~~ उद्योग, स्वास्थ्य सेवा, सञ्चार, शिक्षा आदि अन्य पूर्वाधारले पनि बस्तीलाई प्रभाव पार्छ। हिमाली क्षेत्र र पहाडी क्षेत्रमा बस्ती कम मात्रामा हुन्छ त्यहाँ यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य आदि कुराहरू उपलब्ध हुँदैनन्। हावापानी चिसो भएका कारण हिमाली भेगको बसोबास कठिन हुन्छ र पातलो बस्ती हुन्छ।

जुम्ला, हुम्ला, डोल्पा आदि ठाउँ कर्णाली प्रदेशमा मानिसको बसोबास कम छ। आइसल्याण्डमा ठूलो सङ्ख्याको बस्ती बस्न सक्दैन। कुनै देशको सिमानामा यातायात, सञ्चार र अन्य सुविधा भए पनि सुरक्षाका समस्याका कारण बस्ती पातलो हुन्छ। मैदानी भागमा यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य खानेपानी, विद्युत आदिको विकास भएकाले यहाँको बस्ती मा बाक्लो बस्ती हुन्छ। काठमाडौं उपत्यका स्वास्थ्य, शिक्षा, यातायात, रोजगारी, सञ्चार आदिको विकास भएकाले बाक्लो बस्ती छ।

## पाठ - २ बस्ती विकास

अभ्यास,

१ हाम्लेट र गाउँका बिचको फरक छुट्याउनुहोस्:-

→ हाम्लेट र गाउँका बिचको फरक निम्नानुसार छन्:-

| | हाम्लेट | गाउँ |
|---|---|---|
| १) | गाउँको पूर्वावस्था, | हाम्लेटको विकसित अवस्था, |
| २) | एउटै जातिको बसोबास, | विभिन्न जातिको बसोबास, |
| ३) | एउटै बृहत परिवारको बसोबास, | विभिन्न परिवारहरूको बसोबास, |
| ४) | आफ्नो जाति अनुसारको धार्मिक गतिविधि हुने, | विभिन्न जातहरूको धर्म अनुसारका धार्मिक गतिविधि हुने, |
| ५) | थोरै आर्थिक गतिविधि हुने | विभिन्न किसिमका आर्थिक गतिविधि हुने |
| ६) | थोरै सामाजिक सेवाहरूको विकास भएको | बढी सामाजिक सेवाको विकास हुँदै गरेको |
| ७) | हाट बजारको सुविधा नभएको | बढी हाट बजारको सुविधा भएको |
| ८) | जाती अनुसार सामाजिक सेवाको विकास | सम्पूर्ण मानव जातिका लागि सामाजिक सेवाको विकास |

२ 'बस्तीको प्रकृति र

→ बस्तीको प्रकृति नियमित रूपमा परिवर्तन हुँदै जान्छ। जसका कारणले बस्तीको आकार प्रकारमा पनि परिवर्तन हुन्छ। सुरुमा थोरै परिवारहरू मिलेर बनेको बस्ती कालान्तरमा जनसङ्ख्या वृद्धि भई घरहरु थपिँदै जान्छन्। आर्थिक क्रियाकलाप पनि बढ्छ। जनसङ्ख्या वृद्धिसँगै जीवन निर्वाहका लागि कुनै न कुनै आर्थिक गतिविधि सञ्चालन गर्नुपर्छ।

दैनिक आवश्यकता पूरा गर्नका लागि पसल खुल्छन। पायक परेका ठाउँमा सामान उत्पादन गर्ने उद्योग खोल्नुपर्छ। बिरामीबाट जोगिन औषधि उपचार गरिन्छ। त्यसको लागि अस्पताल, क्लिनिक खोल्नुपर्छ। पढ्न, लेख्न विद्यालयको जरुरत पर्छ। समाचार आदान प्रदान गर्न खबर थाहा पाउन सञ्चार सुविधा चाहिन्छ। बस्ती बढ्दै जान्छ। सुविधाहरू थपिँदै जान्छन् र सामाजिक सेवाको विस्तार बढ्छ। बस्तीको प्रकृति अनुसार सामाजिक सेवाको आवश्यकता र उपलब्धता फरक हुन्छ। ठूला ठूला फर्ममा कृषिकार्य नियमित रूपमा सञ्चालन गर्ने, कामदार रहने आवास सुविधा र उपलब्ध पाइन्छ। त्यहाँ खानेपानी, विद्युत, सञ्चार, स्वास्थ्य सेवा उपलब्ध गराइन्छ। बस्ती बस्तीलाई एकाइको बस्ती भनिन्छ।

नगरीय बस्तीहरू कला, साहित्य, धर्म, संस्कृति, शिक्षा, स्वास्थ्य, व्यापार आदिका केन्द्रस्थल हुन्। यस्ता बस्तीमा विभिन्न सामाजिक सेवाहरुको साथै बैंक, बिमा, यातायात, सञ्चार, स्वास्थ्य, शिक्षा जस्ता सेवाको विकास भएको हुन्छ। यसरी बस्तीको प्रकृति अनुसार सामाजिक सेवाको विस्तार, उपलब्धता र उपयोग गरिन्छ।

३. बस्ती विकास भनेको के हो, मानव जीवनमा यसको महत्व उल्लेख गर्नुहोस्।

→ विश्वमा सभ्यताको विकास जनसङ्ख्याको वृद्धिसँगै बस्ती विकास भएको पाइन्छ। विश्व सभ्यतासँगै मानव बस्तीको विकास भएको तथ्य विभिन्न अध्ययन अनुसन्धानबाट पुष्टि हुन्छ। पूर्वीय सभ्यताको महत्वपूर्ण स्थान सिन्धु घाँटीको कुरा गर्दा समुद्रको किनारमा बस्ती विस्तार र विकास भएको प्रमाणहरू सार्वजनिक भएका छन्। सामान्य अर्थमा बसोबास क्षेत्र नै बस्ती हो। मानिसले अधिकतम आफ्ना आवश्यकताहरू पूरा हुने ठाउँमा नै आफ्नो बसोबास गर्छ। अर्थात, बस्ती विकास भनेको कुनै निश्चित भौगोलिक क्षेत्र वा समुदायको समग्र उन्नति, व्यवस्थित बसोबास, पूर्वाधार विकास तथा जनसुविधा विस्तारको प्रक्रिया हो। यसमा आवास, यातायात, शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, र हरियाली संरक्षण जस्ता तत्वहरू समेटिन्छन्। र मानव जीवनमा यसको महत्वहरू:-

१) सुव्यवस्थित बसोबास:-
बस्ती विकासले मानिसलाई सुरक्षित, स्वच्छ र व्यवस्थित आवासको व्यवस्था मिलाउँछ।

२) सुविधा र पूर्वाधार:-
यातायात, बिजुली, खानेपानी, ढल व्यवस्थापन जस्ता आवश्यक सेवाहरू सहज रूपमा उपलब्ध गराउँछ।

३) स्वास्थ्य र सरसफाइ:-
राम्रो बस्ती विकासले स्वच्छ वातावरण प्रदान गर्छ, जसले रोगहरूको जोखिम कम गर्छ।

४) आर्थिक विकासः- व्यवस्थित बस्तीले व्यापार, रोजगारी, तथा आर्थिक क्रियाकलापहरूलाई प्रवर्द्धन गर्छ।

५) सामाजिक समरसता,

६) पर्यावरण संरक्षण

यसरी, बस्ती विकास मानव जीवनको गुणस्तर सुधार्न अति आवश्यक प्रक्रिया हो।

---

४) "मानव बस्तीको पर्यावरणीय क्षेत्रसँग गहिरो सम्बन्ध रहेको छ।" यस भनाइलाई उदाहरण सहित प्रस्ट पार्नुहोस्?

→ मानव बस्तीको पर्यावरणसँग गहिरो सम्बन्ध रहेको हुन्छ। मानिसहरूको जीवनशैलीलाई पर्यावरणले प्रभाव पारेको छ। ~~मानिसहरूको जीवनशैलीलाई पर्यावरणले प्रभाव पारेको छ।~~ मानिसहरूको घर पनि त्यहाँको हावापानी र उपलब्ध साधन र स्रोतका आधारमा निर्मित हुन्छन्। पर्यावरण मैत्री नभए मानिसलाई बाँच्न कठिन हुन्छ।

अत्यन्त चिसो हावापानी भएको ध्रुवीय क्षेत्रमा मानिसले हिउँबाट निर्माण भएका घरहरू "इग्लु"  को निर्माण गरी मानिसहरू बस्छन्। त्यसैगरी मरुभूमि क्षेत्रमा मरुद्यानको वरिपरि वृत्ताकार रूपमा सघन बस्तीहरूको विकास भएको पाइन्छ। अत्यन्त हावा चल्ने भएकाले त्यहाँका घरहरू डोम वा गोलाकार हुन्छन्।

नेपाल हिमाल, पहाड, तराई गरी तीन पर्यावरणीय क्षेत्रमा विभाजित छ। यी क्षेत्रहरूमा विकास भएका बस्तीहरू पनि आ-आफ्नै शैलीका छन्। तराई क्षेत्रमा पुराना घरहरू काठका वा माटो र बाँसले बनेका होचा घरहरू पाइन्छन्। यहाँ जङ्गली जनावरको आक्रमणबाट बच्नको लागि एकीकृत बस्तीहरू निर्माण गरिएका छन्। पहाडी क्षेत्रमा भिरालो भू-सतह, कम उर्वरायुक्त जमिन आदिका कारणले गर्दा बस्तीहरू छरिएर रहेका छन्। हिमाली क्षेत्र पनि स्रोत र साधनको उपलब्ध भएको स्थानमा सघन बस्ती रहेको पाइन्छ। हिमाली भेगका मानिसहरू ऊनीका टोपी, बख्खु लगाउँछन्। खानपान पनि त्यहाँ उत्पादन हुने, फापर, जौं, आलुका परिकार हुन्छन्। त्यस्तै पहाडको गर्मी र जाडोयामका लुगा लगाउने फरक फरक हुन्छन्। खाना पनि एकै प्रकारको हुन्छ, कोदो, मकै, गहुँ, धान प्रमुख अन्नबाली भएकाले सोही अनुसारका खानाका परिकार हुन्छन्। तराईमा सुती लुगा लगाउने गर्छन्, चामल, रोटी नै प्रमुख खानामा पर्दछन्। भौगोलिक क्षेत्र अनुसारका बस्ती विस्तार भएकाले त्यसै अनुरूप पर्यावरणीय अनुकूलन मिलाई बसोबास गरेका हुँदा बस्ती र पर्यावरण बिच गहिरो सम्बन्ध रहेको छ।

---

पाठ :- (३) जनसङ्ख्या र विकास

अभ्यास,

१) जनसङ्ख्या भनेको के हो?

→ जनसङ्ख्या भन्नाले कुनै निश्चित भू-भागभित्र बसोबास गर्ने सम्पूर्ण मानिसहरू (बालबालिका, केटाकेटी, युवायुवती लगायत सम्पूर्ण) को सङ्ख्यालाई बुझ्न गरिन्छ। जनसङ्ख्याको शाब्दिक अर्थ केलाएर हेर्दा यसले मानिसको सङ्ख्यालाई बुझाउँछ। कुनै निश्चित स्थानमा, निश्चित समयमा बसोबास गर्ने जम्मा मानिसको सङ्ख्यालाई जनसङ्ख्या भनिन्छ। जनसङ्ख्या दुई शब्दहरू 'जन' र 'सङ्ख्या' मिलेर बनेको हुन्छ। 'जन' को अर्थ मानिस र 'सङ्ख्या' को अर्थ गणना गर्दाको परिणाम भन्ने बुझिन्छ।

---

२) जनसङ्ख्या र विकासबिचको सम्बन्ध उदाहरणसहित व्याख्या गर्नुहोस्।

→ जनसङ्ख्या र विकास एकअर्कामा अन्तरसम्बन्धित पक्षहरू हुन्। कुनै पनि देशको विकासका लागि विभिन्न क्षेत्रमा सक्षम र दक्ष जनशक्तिको आवश्यकता पर्दछ। स्वस्थ, क्रियाशील र सम्बन्धित क्षेत्रमा दक्षता प्राप्त गरेको जनशक्तिले देश विकासमा योगदान दिन सक्छन् (सम्भव) छ। विकासका लागि मानव शक्ति अत्यन्त महत्वपूर्ण पक्ष हो। जसले स्रोत साधनको समुचित प्रयोग गरी उत्पादन वृद्धि गर्न सक्छ। विकास निर्माणका कामहरूमा पनि मानवशक्तिको महत्वपूर्ण भूमिका रहेको हुन्छ। जनसङ्ख्यालाई विकास र प्रगतिमा समायोजन गर्न सक्दा देश प्रगति तर्फ अगाडि बढ्छ। सन् १९९० भन्दा अगाडि जनसङ्ख्यालाई विकासको आधार बनाउने

कुनै स्पष्ट नीति नियमको सन्दर्भमा सार्थक छलफल भएको थिएन। जनसङ्ख्या बढ्नाले साधन स्रोतको अभाव हुने, विकास र प्रगतिको लागि असहजता हुने मान्यता पनि स्थापित थियो। यसै कुरालाई आत्मसात गरी परिवार नियोजनलाई मुख्य प्राथमिकता भित्र राखिएको पनि हो। तर विकासको लागि स्वस्थ, सक्रिय जनसङ्ख्या आवश्यक रहेको वास्तविकता प्रमाणित भएसँगै अहिले परिवार नियोजनको सट्टा परिवार योजना अवधारणा अगाडि सारिएको छ।

अर्कोतर्फ जनसङ्ख्या वृद्धिसँगै सामाजिक सेवा सुविधा पनि वृद्धि गर्नुपर्छ। जस्तो धेरै सवारी साधन गुड्न थालेपछि सडक चौडा बनाउनुपर्छ। सडक चौडा गर्ने कार्य विकास भयो। चौडा सडकमा सवारीहरू गुड्न सहज भयो। विकास निर्माण भयो। जनसङ्ख्याको चापसँगै मानिसले सरलीकृत जीवनयापनको वैकल्पिक उपाय खोज्ने क्रमसँगै विकासको प्रक्रियाले गति लिन्छ। जनसङ्ख्यालाई विकाससँग स्वीकार गरी लिएर जानुपर्छ। मानवीय चाहनाहरू परिपूर्ति गरी सुख, सुविधा बढाउन विद्यमान प्राकृतिक, भौतिक, मानवीय र सांस्कृतिक स्रोतहरूको रचनात्मक, सकारात्मक र सन्तुलित रूपमा प्रयोग गरी जीवनमा सुधार ल्याउनु नै विकास हो। विद्यालय, अस्पताल, बाटो, हवाईमैदान, उद्योग, वाणिज्य, व्यापार, सहरबजार आदिको निर्माणलाई विकास भनिन्छ। विकास जनसङ्ख्याको लागि मानव जातिको जीवन यापन सहज, सरल र सुखी बनाउन गरिन्छ। विद्यालय खोल्नु विकास भयो भने यसमा पढ्ने विद्यार्थीले ज्ञान हासिल गरी भविष्यमा राष्ट्र निर्माणको कार्यमा प्रयोग गर्छन्। यसबाट राष्ट्रको र व्यक्तिको दुवै विकास भयो।

त्यसैले जनसङ्ख्या र विकासको सम्बन्ध एक अर्काका परिपूरकको रूपमा र अन्योन्याश्रित छ भन्न सकिन्छ।

---

३) भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण छोटकरीमा वर्णन गर्नुहोस्।

⇒ नेपाललाई हिमाल, पहाड र तराई गरी तीन भौगोलिक क्षेत्रमा विभाजन गरिएको छ। यी भौगोलिक क्षेत्रहरूमा धरातलीय स्वरूप, हावापानी, सामाजिक तथा आर्थिक पक्षमा भएको विविधताका कारण जनसङ्ख्याको वितरण समान छैन।

क्षेत्र जनसङ्ख्या ~~प्रतिशत~~ प्रतिशत

हिमाल : १६,८१,७९२६·७३

पहाड : १,१३,४४,००७४३·०२

तराई : १,३३,१८,७०५५०·१६

जम्मा : २,६४,४४,५०४१००·००

हिमाली क्षेत्रमा विषम हावापानी, कठिन भौगोलिक अवस्था र पूर्वाधारको कमीका कारण जनसङ्ख्या कम छ। त्यसमा पनि सुविधाको खोजीमा त्यहाँ बाट अन्यत्र बसाइ सराइ गर्नाले त्यहाँको जनसङ्ख्या घट्दो क्रममा छ। त्यहाँ जनशक्ति अभावले आर्थिक गतिविधिले फड्को मार्न सकेको छैन। छरिएको पातलो बस्तीका कारण विकास खर्चिलो छ। पहाडी बस्तीमा कमजोर भू-बनोटका कारणले सडक लगायतका पूर्वाधारहरू छिटो-छिटो बिग्रने, मर्मत सम्भारमा अत्याधिक खर्च हुने, पहाडबाट तराई तर्फ बसाइसराइ तीव्र यसले बस्ती व्यवस्थापन, पर्यावरण संरक्षण र रोजगारीमा चुनौतीहरू थपिएका छन्।

सहरी क्षेत्र र तराईमा यातायात, शिक्षा, स्वास्थ्य, सञ्चार, सुरक्षा आदिको सुविधाले गर्दा यहाँ जनसङ्ख्याको चाप बढी छ। उद्योगहरू स्थापनाले रोजगारी बढेको छ, प्रशस्त उब्जनी हुने क्षेत्र भएकोले तराई क्षेत्रको जनसङ्ख्या बढी छ।

---

४) नेपालको बागमती प्रदेशमा सबैभन्दा बढी जनसङ्ख्या र कर्णाली प्रदेशमा सबैभन्दा कम जनसङ्ख्या हुनुको कारण पत्ता लगाउनुहोस्।

→ नेपालको प्रादेशिक जनसङ्ख्या वितरणमा सबभन्दा बढी जनसङ्ख्या बागमती प्रदेशमा देखिन्छ। बागमती प्रदेशमा सङ्घीय राजधानी, मलिलो माटो, उद्योग स्थापना भएकाले धेरै मानिसहरू बसोबास गर्छन्। यहाँको मलिलो माटोमा खाद्यान्नका साथै नगदे बालीको पनि प्रशस्त उत्पादन हुन्छ। यो प्रदेशमा बिस्कुट, चाउचाउ, सिमेन्ट, बियर, कपडा, ईंटा, टायल, साबुन लगायत अनेकौं मठ मन्दिरहरू छन्। काठमाडौं, भक्तपुर र ललितपुरका दरबारहरू विश्व सम्पदा सूचीमा सूचीकृत छन्। अन्तर्राष्ट्रिय विमानस्थल छ। यहाँ वर्षैभरि विभिन्न सांस्कृतिक गतिविधिहरू सञ्चालित भइरहन्छन्। प्रत्येक वर्ष यहाँ लाखौं पर्यटक आउँछन्। यहाँ यातायात, शिक्षा, स्वास्थ्य, सञ्चारको राम्रो सुविधा छ। उद्योग व्यवसायको विकास भएको छ। रोजगारीको प्रशस्त सुविधा छ। यसैले यहाँको जनसङ्ख्या बाक्लो छ।

कर्णाली प्रदेशको भूबनोट विषम छ। यहाँको अधिकांश भूभाग हेर्दा, अग्लो भूगोलले भरिएको छ। माटो कम उर्वर छ। खाद्यान्नको उत्पादन कम हुन्छ। ठाउँ विकट छ। उत्पादनले वर्षभरि खान पुग्दैन। हरेक वर्ष यहाँ खाद्यान्नको अभाव हुन्छ। यहाँको हावापानी चिसो छ। हिउँदमा उच्च पहाडी क्षेत्र हिमपात हुन्छ। यहाँ यातायात, शिक्षा, स्वास्थ्य, सञ्चार आदिको विकास भएको छैन। उद्योग व्यवसाय, व्यापार, आर्थिक विकास कम छ। खानेपानी, विद्युतको समस्या छ। रोजगारीको समस्या छ। रोजगारीको लागि यहाँका मानिसहरू सुगम स्थानतिर बसाइँ सर्ने गर्छन्। त्यसैले यहाँको जनसङ्ख्या कम छ।

---

पाठ:- 4 {उमेर संरचनाको सङ्क्रमण र जनसाङ्ख्यिक लाभांशको उपयोग}

→ जीवनमा एकपटक मात्र घटित जन्म र मृत्यु जस्ता घटनाहरूलाई जनसाङ्ख्यिकीय घटना भनिन्छ।

→ जनसाङ्ख्यिक घटना (जन्म र मृत्युका) कारणले जनसङ्ख्या वृद्धिदर पनि उच्च, निम्न र स्थिर हुन्छ।

→ जनसाङ्ख्यिक घटनाका प्रभावले गर्दा जनसङ्ख्या वृद्धिदर एउटा अवस्थाबाट अर्को अवस्थाबाट अर्को अवस्थामा परिवर्तन हुँदै जान्छ, यही प्रक्रियालाई जनसाङ्ख्यिक सङ्क्रमण भनिन्छ। जनसाङ्ख्यिक सङ्क्रमणलाई तीन भागमा विभाजन गरिएको छ:-

क) प्रारम्भिक अवस्था:- यो जनसङ्ख्याको पहिलो अवस्था हो। यस अवस्थामा जन्म र मृत्युदर दुवै उच्च हुन्छ। यो अवस्था प्राकृतिक अवस्था हो। यस अवस्थामा मानिसलाई जनसङ्ख्या नियन्त्रण गर्ने उपायको बारेमा थाहा हुँदैन।

ख) मध्य अवस्था:-
यो अवस्थामा मानिसहरू शिक्षित हुन्छन्। स्वास्थ्य क्षेत्रको विकास, औषधि विज्ञानको प्रयोगका कारण मृत्युदर कमी आउँदा पनि मानिसको अभिवृत्ति तथा व्यवहारमा परिवर्तन नआइसकेको हुनाले जन्मदर भने उच्च नै हुन्छ।

ग) आधुनिक अवस्था:- यो अवस्थामा मानिसहरू शिक्षित हुन्छन्। सामाजिक तथा आर्थिक विकास भइसकेको हुन्छ। मानिसहरू सानो परिवारप्रति आकर्षित हुन्छन्। यसकारण जन्मदर र मृत्युदर घट्छ। कहिलेकाहीं जन्मदर र मृत्युदरमा घटबढ हुन सक्छ।

---

1) जनसाङ्ख्यिक सङ्क्रमण र उमेर संरचनाको सङ्क्रमणको छोटो परिचय लेख्नुहोस्।

→ जीवनमा एकपटक मात्र घटित जन्म र मृत्यु जस्ता घटनाहरूलाई जनसाङ्ख्यिकीय घटना भनिन्छ। यिनै जनसाङ्ख्यिक घटना जन्म र मृत्युका कारणले जनसङ्ख्या वृद्धिदर पनि उच्च, निम्न र स्थिर हुन्छ। यिनै जनसाङ्ख्यिक घटनाका प्रभावले गर्दा जनसङ्ख्या वृद्धिदर एउटा अवस्थाबाट अर्को अवस्थामा परिवर्तन हुँदै जान्छ। यही प्रक्रियालाई जनसाङ्ख्यिक सङ्क्रमण भनिन्छ।

→ उमेर संरचना अनुसार जनसाङ्ख्यिक सङ्क्रमण पनि बद्लिएको छ। जन्मदर र मृत्युदर क्रमिक क्रमिक घट्दो क्रम (Decline stage) रहेको छ। उमेरगत संरचना पनि प्रभावित बन्दै गएको छ। प्रजनन-दरलाई हेर्दा सानो उमेरबाट ठूलो उमेर संरचनामा परिवर्तन हुन्छ। यो प्रक्रियालाई उमेर संरचनाको सङ्क्रमण भनिन्छ। बालक आश्रित जनसङ्ख्याबाट आर्थिकरूपले सक्रिय जनसङ्ख्यामा र आर्थिक रूपले सक्रिय जनसङ्ख्याबाट वृद्ध आश्रित जनसङ्ख्यामा परिवर्तन हुन्छ। उमेर सङ्क्रमणलाई पनि तीन चरणमा विभाजन गरिन्छ। पहिलो चरणमा मृत्युदर घट्छ र प्रजनन-दर बढ्छ। स्वास्थ्य, आर्थिक क्षेत्र, शिक्षाका कारण मृत्युदर घट्छ। यस चरणमा मानिसहरू सन्तानलाई पुँजी सम्झन्छन्। जति धेरै सन्तान भयो त्यति कमाइ बढ्छ भन्ने भावना विकास हुन्छ। (Birth rate) उच्च नै रहन्छ। दोस्रो चरणमा सामाजिक र आर्थिक विकासले मानिसको जीवनस्तरमा सकारात्मक परिवर्तन आई सानो परिवारको आकर्षण बढ्छ र (BR) घट्छ। त्यसबाट बालबालिकाको सङ्ख्या घट्छ। काम गर्न सक्ने जनशक्ति बढ्छ। त्यसै गरि तेस्रो चरणमा प्रजनन-दर घट्ने अवस्थामा रही बालबालिकाको सङ्ख्यामा कमी आउँछ र वृद्धवृद्धाको सङ्ख्या बढ्छ। त्यसैले उमेर संरचनाको सङ्क्रमण एकलमो प्रक्रिया हो।

---

2) जनसाङ्ख्यिक सङ्क्रमणले जनसङ्ख्याको उमेर संरचनालाई कसरी प्रभाव पार्दछ, आफ्नो विचार लेख्नुहोस्।

→ जनसाङ्ख्यिक सङ्क्रमणले जनसङ्ख्याको उमेर संरचनालाई प्रत्यक्ष प्रभाव पार्छ। जन्म-दर बढी भयो भने बाल आश्रित दर बढ्छ। बालबालिका उमेर समूहको जनसङ्ख्या बढी हुन्छ। उता मृत्युदर बढेमा सक्रिय जनसङ्ख्या उमेर घट्छ। यदि प्रजनन दर निरन्तर केही समय कम भएमा बालबालिकाको सङ्ख्या कम हुन्छ। मृत्युदर केही समय कम भएमा वृद्धवृद्धाको सङ्ख्या बढ्छ। लामो समयसम्म प्रजनन-दर घट्दै गएमा पनि

वृद्ध आश्रित जनसङ्ख्या बढ्छ। यसरी जनसाङ्ख्यिक सङ्क्रमणले जनसङ्ख्याको उमेर संरचनालाई प्रभाव पार्छ।

३.) जनसाङ्ख्यिक लाभांश र जनसाङ्ख्यिक अवसरको झ्यालखिडकीको सम्बन्ध आफ्नै शब्दमा व्याख्या गर्नुहोस्।

→ जनसङ्ख्याको उमेर संरचनाका कारणले आश्रित जनसङ्ख्या १४ वर्ष मुनिका र ६० वर्ष माथिका भन्दा आर्थिक रूपले सक्रिय जनसङ्ख्या १५ देखि ५९ वर्षसम्मका मानिसहरू बढी भई आर्थिक वृद्धिको सम्भावना रहने अवस्था आउँछ। यस्तो अवस्थालाई जनसाङ्ख्यिक लाभांश भनिन्छ। यस्तो जनसाङ्ख्यिक लाभांशको अवस्थाले कुनै पनि देशको आर्थिक उपलब्धि हासिल गर्नलाई अवसर प्रदान गर्ने भएकोले यसलाई जनसाङ्ख्यिक अवसरको झ्याल (Demographic window of opportunity) भनिन्छ। यस्तो अवस्थामा लगानी र बचतका कारण देशको आर्थिक वृद्धिदर बढ्छ। कुनै पनि देशको ~~यस्तो~~ यस अवस्थाको सही सदुपयोग गर्न सकेमा समाज र देशको अर्थ व्यवस्थामा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ। सन् १९६० को दशकको जनसाङ्ख्यिक लाभांशको अवस्थामा सिङ्गापुर, कोरिया, थाइल्याण्ड एवम् मलेसियाले ठूलो आर्थिक प्रगति गरेका थिए।

---

पाठ :- ५

# जनसङ्ख्या व्यवस्थापन

## अभ्यास

१. जनसङ्ख्या व्यवस्थापन भनेको के हो? यसको महत्व आफ्नै शब्दमा वर्णन गर्नुहोस्।

→ कुनै पनि क्षेत्र वा देशमा उपलब्ध स्रोत साधन अनुसार जनसङ्ख्यालाई सही रूपले वितरण गर्ने कार्यलाई जनसङ्ख्या व्यवस्थापन भनिन्छ। देशको स्रोत साधनको समुचित प्रयोग पनि जनसङ्ख्याले नै गर्दछ र देश विकासमा लाग्ने पनि देशकै जनसङ्ख्या हुन्। जनसङ्ख्या व्यवस्थापन जनसङ्ख्या नियन्त्रण द्वारा हैन कि जनसङ्ख्यालाई धान्न सक्ने अवस्थामा ल्याउने अभ्यास हो। जनसङ्ख्या व्यवस्थापन जनसङ्ख्याको आकार, बनावट र वितरण पक्षसँग सम्बन्धित छ। कुनै देशको स्रोत र साधनसँग जनसंख्यालाई सन्तुलन मिलाउन मद्दत गर्दछ। कुनै राष्ट्रले त्यस देशका जनतालाई राम्रो सेवा सुविधा दिन सके मात्र जीवन सरल र स्वस्थ हुन सक्छ। यसका महत्वहरू यस प्रकार छन् :-

१) आर्थिक विकास :- नियन्त्रित जनसंख्या भएका देशहरूमा प्रतिव्यक्ति आय वृद्धि हुन सक्छ, जसले गरिबी कम गर्न मद्दत गर्छ।
२) स्रोतसाधनको सही उपयोग ;-
३) रोजगारीको अवसर वृद्धि,
४) शिक्षा र स्वास्थ्यमा सुधार,
५) पर्यावरणीय सन्तुलन,
६) समाजमा सन्तुलन,
७) स्वास्थ्य सेवामा उपलब्धता / सुधार,
८) सङ्क्रमण बाट बच्नका लागि खोपहरूको व्यवस्था,
९) उचित शिक्षा प्रणाली सञ्चालन
१०) देश विकास मा योगदान। इत्यादि क्षेत्रमा जनसंख्या व्यवस्थापनले महत्वपूर्ण भूमिका खेल्दछ।

---

२.) जन्म विरुद्धको नीति र जन्म पक्षको नीतिबिच फरक छुट्याउनुहोस्।

→ जन्म विरुद्धको नीति र जन्म पक्षको नीतिबिच फरक :-

| जन्मविरुद्धको नीति | जन्म पक्षको नीति |
|---|---|
| १) जनसङ्ख्या वृद्धिले देशको स्रोतसाधनले धेग्न नसक्ने अवस्था आएर जनसङ्ख्या कम गर्ने नीतिलिनुलाई जन्मविरुद्धको नीति भनिन्छ। | (१) जन्म दर बढाउने नीतिलाई जन्म पक्षको नीति भनिन्छ। |
| २) यस्तो अवस्थामा ढिलो विवाह गर्ने, दुई भन्दा बढी बच्चा नजन्माउने खालका नीति बनाउनु पर्छ। | (२) यस नीतिमा बहुविवाहमा जोड दिने, बढी बच्चा जन्माउनेलाई प्रोत्साहन गर्ने, भत्ता दिने जस्ता प्रक्रिया अपनाउनु पर्छ। |
| ३) जनसंख्या धेरै भएको देशमा जनसंख्या कम गराउनका निम्ती यस्तो नीति अपनाइन्छ। | (३) जनसंख्या कम भएका देशमा स्रोतसाधन तथा जनशक्तिको परिचालन बढाउन यस्तो नीति अपनाइन्छ। |
| ४) यस्तो नीति प्राय:- चीन, भारत, बङ्गलादेश थाइल्याण्ड आदि देशमा अपनाइन्छ। | (४) यस्तो नीति प्राय :- फ्रान्स, जापान, दक्षिण कोरिया आदि देशमा ~~अप~~ अपनाइन्छ। |

| | |
|---|---|
| ५) यस्तो निति अवलम्बन गरेमा श्रमशक्ति बढ्न सक्छ, पछिल्लो पुस्ताको जनसंख्या बढ्न सक्छ। | (५) यस्तो नीति अवलम्बन गर्दा स्रोत साधनमा दबाब, बेरोजगारी बढ्ने सम्भावना पनि हुन्छ। |

३.) संयुक्त परिवारको संरचना र उच्च शिशु मृत्युदरले कसरी जनसंख्या वृद्धिदर बढाउँछ, उल्लेख गर्नुहोस्।

→ एकै घरका वा बाजेका सन्तान एकै घरमा मिलेर बस्ने एउटै घरको छानामुनि बस्ने सगोलको भान्सा भएको कुटुम्ब। यस्तो परिवारमा बाजे, बज्यै, बुबा-आमा, काका-काकी, ठूलाबा-ठूली आमा, दिदी, बहिनी, दाजुभाइ, छोरा, नाति, नातिनी आदिका एकसाथ बसाइका पारिवारिक सङ्गठन संयुक्त परिवार हो। यस्तो परिवारमा बिहे गर्ने उमेरकाले बिहे गरेपछि सन्तान जन्मने, आमाबुवाका सन्तान, छोराछोरीका सन्तान हुँदै जनसंख्या वृद्धि हुँदै जान्छ। शिशुको मृत्युदर बढी भएमा आमाबुवाले कोही त बाँच्लान भनेर बढी सन्तान जन्माउँछन्। कसैले आफ्नो वंश परम्परा अनुसार अंशको हक दाबी गर्न छोराको चाहनाले बढी सन्तान जन्माउँछन्। सबैको साझा समस्या भएकोले परिवार योजना लागु नहुने हुँदा जन्मदर बढी भई जनसङ्ख्या बढ्छ।

अर्थात्, संयुक्त परिवारको संरचना र उच्च शिशु मृत्युदरले जनसंख्या वृद्धिदर बढाउँछ।

---

४.) जनसंख्यामा तीव्र वृद्धिका कारण शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा पर्ने असरहरू उल्लेख गर्नुहोस्।

→ जनसंख्यामा तीव्र वृद्धिका कारण शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा पर्ने असरहरू:-

शिक्षा :- जनसङ्ख्या वृद्धि हुँदा फिल विद्यालय जाने उमेरको संख्या बढ्छ। बढी विद्यार्थीका लागि धेरै विद्यालय खोल्नुपर्छ। धेरै फर्निचर र अन्य पाठ्यपुस्तक पाठ्यसामग्रीको आवश्यकता पर्छ। यसका लागि ठूलो धनराशी लगानी गर्नुपर्ने हुन्छ। विकासशील देशले एकैपटक ठूलो लगानी गर्न सक्दैनन् र बालबालिका शिक्षाबाट वञ्चित हुने अवस्था आउँछ। शिक्षाबाट वञ्चित जनसंख्याले राष्ट्रमा राम्रो योगदान दिन सक्दैनन्।

स्वास्थ्य :- जनसङ्ख्या वृद्धिले स्वास्थ्य क्षेत्रमा पनि प्रभाव पार्छ। धेरै मानिसका लागि धेरै अस्पताल, बढी डाक्टरको आवश्यकता पर्छ। डाक्टर तथा स्वास्थ्यकर्मीको संख्या बढाउन स्वास्थ्य क्षेत्रमा पनि लगानी बढाउनु पर्छ। यस्तो अवस्थामा सबैले स्वास्थ्य सुविधा पाउँदैनन्। यदि बस्तीमा सरुवा रोगको सङ्क्रमण देखिएमा त्यसले समान्यमा सुविधा पाउँदैनन्। यदि फैलिन्छ। सबैलाई स्वास्थ्य सुविधा पुऱ्याउन निकै कठिनाइ हुन्छ। त्यसमा रोग व्याधीको प्रकोप बढ्न सक्छ। बालबालिका कुपोषण बढ्न सक्छ। शिशु मृत्युदर बढ्छ।

रोजगारी :- धेरै जनसंख्या भएमा सबैलाई रोजगारी उपलब्ध हुँदैन। जति बढी मानिस भए उति बढी रोजगारीको आवश्यकता पर्छ। देशमा रोजगारका प्रशस्त अवसरहरू नहुनाले देशका युवाहरू विदेश जानुपर्ने हुन्छ। बेरोजगार बढेमा हत्या, हिंसा, चोरी, डकैती बढ्छ। सामाजिक विकृति बढी हुन्छ। श्रमशक्ति पलायन हुन्छ। राष्ट्रले समृद्धि हासिल गर्न सक्दैन।

अर्थात्, जनसंख्यामा तीव्र वृद्धिका कारण शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रहरूमा असर पर्दछ।

---

५.) हाम्रो देशमा विद्यमान जनसङ्ख्या व्यवस्थापनका चुनौतीहरू उल्लेख गर्नुहोस्।

→ हाम्रो देशमा विद्यमान जनसङ्ख्या व्यवस्थापनका चुनौतीहरू:-

- जनसंख्या वृद्धिदर,
- शहरमा अत्याधिक जनसंख्या चाप,
- रोजगारीको अभाव,
- ग्रामीण क्षेत्रमा अझैं पनि गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा उपलब्ध छैन,
- कृषि उत्पादन पर्याप्त नभएका कारण आयातमा निर्भरता बढेको छ,
- अधिक जनसङ्ख्याले वन विनाश, प्रदूषण, जलस्रोतको संकट र वातावरणीय असन्तुलन निम्त्याएको छ।

सामाजिक

Date: २०७१/११/०८

लेख
गोरखा पत्र.

हाम्रो देशमा विद्यमान जनसंख्या व्यवस्थापनका चुनौतीहरू

– उपमा धिमाल, मिति:- २०७१/११/१५

जनसंख्या भन्नाले कुनै निश्चित भू-भागभित्र बसोबास गर्ने सम्पूर्ण मानिसहरू (केटा-केटी, केटाकेटी, व्यक्ती लगायत सम्पूर्ण) को संख्यालाई बुझ्नुपर्छ गरिन्छ। र यसको व्यवस्थापन भनेको देशको जनसङ्ख्या नियन्त्रण र सही व्यवस्थापन गर्ने प्रक्रिया हो। जनसंख्या व्यवस्थापन देशको आर्थिक विकासका लागि आवश्यक छ जसले स्रोतसाधनको उचित उपयोग गर्न मद्दत गर्छ। हाम्रो देशमा विद्यमान जनसङ्ख्या व्यवस्थापन गर्न निकै जरुरी छ। जनसंख्या व्यवस्थापनले देशमा, आर्थिक, र भौगोलिक क्षेत्रमा समेत योगदान पुर्‍याउन सक्छ।

जनसंख्या व्यवस्थापनमा नागरिक तथा सरकारले जनसंख्या व्यवस्थापनमा सक्रिय भूमिका देखाउन आवश्यक छ। त्यस्तै, जनसंख्या व्यवस्थापन गर्न पनि धेरै कठिनाई तथा चुनौतीहरूको सामना गर्नुपर्छ। जनसङ्ख्या थोरै हुन, र अत्यन्त धेरै हुनु, दुवै जनसङ्ख्याका चुनौतीहरू हुन्। जनसंख्या थोरै हुँदा त्यस ठाउँमा उपलब्ध स्रोतसाधनको उचित उपलब्ध हुन सक्दैन। त्यहाँ रोजगारको अवस्थामा पनि अभाव र कठिनाइहरु पनि आउछन्। त्यसै गरी अझै पनि जनसंख्याको व्यवस्थापन तथा जनचेतनाको कमीले गर्दा ग्रामीण क्षेत्रमा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा समेत उपलब्ध छैन। अव्यवस्थित जनसंख्याका कारण आव्यावधिक बसाइसराई भई रहेको छ। त्यसैगरी जनसंख्या व्यवस्थापनका चुनौतीहरूमध्ये मुख्य गरी:- जनसंख्या तीव्र वृद्धिदर, शहरमा अत्याधिक जनसंख्याको चाप, शिक्षा र स्वास्थ्य सेवामा दबाब ~~त्यस्तै~~, रोजगारीको अभाव हुन विद्यमान जनसंख्याका मुख्य चुनौतीका रुपमा लिन सकिन्छ।

त्यसैगरी, कृषि उत्पादन पर्याप्त नभएका कारण आयातमा निर्भरता बढेको छ, अर्थात, अधिक जनसंख्याले वन विनास, प्रदूषण, जलस्रोतको संकट र वातावरणीय असंतुलन निम्त्याएको छ। यी चुनौतीहरूको व्यवस्थापन गर्न सके देशको आर्थिक वृद्धिमा सहयोग पुग्थ्यो। यसर्थ, हाम्रो देशमा विद्यमान जनसंख्या व्यवस्थापनका चुनौतीहरू धेरै छन्-र हामीले यी चुनौतीहरूको सहि र व्यवस्थित जनसंख्या व्यवस्थापन द्वारा ~~निरु~~ न्यूनीकरण गर्नुपर्छ।

जनसंख्या व्यवस्थापनका यी चुनौतीहरू समाधान गर्न सरकार, निजी क्षेत्र र आम नागरिकबीच सहकार्य आवश्यक छ। परिवार नियोजनका कार्यक्रमहरूलाई प्रभावकारी बनाउन, शिक्षामा सुधार गर्न, रोजगारीको अवसरहरू सिर्जना गर्न, र प्राकृतिक स्रोतहरूको दिगो उपयोग सुनिश्चित गर्नुपर्ने आवश्यकता छ। जनसंख्याको व्यवस्थापन, गुणस्तरीय शिक्षाको थालनी र उत्कृष्ट जनशक्तिको छनोट गर्दै र विद्यमान जनसंख्याको व्यवस्थापन गर्दै देशको आर्थिक तथा भौगोलिक वृद्धिमा योगदान पुर्‍याउन, पर्छ यदि यी समस्याहरूलाई समयमै सम्बोधन गर्न सकिएन भने हाम्रो देशको सामाजिक तथा आर्थिक विकासमा गम्भीर अवरोधहरू आउने छन्।